**प्रस्तावहरु:**

२०८१/०८२-१०।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-१०।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-१०।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-१०।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-१०।०५ रूपा गाउँपालिका कास्कीको स्थापना दिवस सञ्चालन सम्बन्धमा ।

२०८१/०८२-१०।०६ आर्थिक वर्ष २०८२/०८३ को लागि संघ र प्रदेश सरकारसँग समपुरक र विशेष योजना/कार्यक्रमहरूको प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

२०८१/०८२-१०।०७ प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।

२०८१/०८२-१०।०८ अध्ययन अवलोकन भ्रमणको समिक्षा सम्बन्धमा ।

२०८१/०८२-१०।०९ विविध सम्बन्धमा ।

खर्च अनुमोदन सम्बन्धमा ।

ट्रान्सफर्मर मर्मत सम्बन्धमा ।

**निर्णयहरु:**

**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०१**

प्रस्ताव नं २०८१/०८२-१०।०१ उपर छलफल गर्दा १६० औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०२**

प्रस्ताव नं २०८१/०८२-१०।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०३**

प्रस्ताव नं २०८१/०८२-१०।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०४**

प्रस्ताव नं २०८१/०८२-१०।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०५**

प्रस्ताव नं २०८१/०८२-१०।०५ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

**क)** रूपा गाउँपालिका कास्कीको स्थापना दिवसको पावन अवसरमा विगतका वर्षहरूका जस्तै यस वर्ष पनि मिति २०८१/११/२४ देखि सञ्चालन हुने गरी अध्यक्ष कप खुला पुरूष भलिबल प्रतियोगिता, रुपा गाउँपालिका स्तरीय झाँकी प्रदर्शन प्रतियोगिता, माला प्रतियोगिता, कृषि जैविक विवधता प्रदर्शनी लगायतका विभिन्न कार्यक्रमहरू सहित मुल समारोह सञ्चालन गर्ने र सो को लागि तपसिल बमोजिम उपसमिति गठन तथा पुरस्कारको प्रदान गर्ने। उक्त कार्यक्रमको मिति २०८०/११/२४ गते औपचारिक उद्घाटन गरी कार्यक्रमको मुख्य समारोह २०८०/११/२७ गते भव्य कार्यक्रमका साथ सम्पन्न गरिने। साथै, कार्यक्रममा स्थानीय तथा राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारहरूको सांस्कृतिक प्रस्तुतिका लागि कलाकारहरूलाई निमन्त्रणा गर्ने निर्णय गरियो ।

**पुरस्कारका विवरणहरुः-**

**भलिबल तर्फः**

१) प्रथम पुरस्कारः- रू. ७७७७७।— ट्रफि, मेडल र प्रमाणपत्र

२) द्वितीय पुरस्कारः- रू. ५५५५५।— ट्रफि, मेडल र प्रमाणपत्र

४) तृतिय पुरस्कारः- रु. ३३३३३।— ट्रफि, मेडल र प्रमाणपत्र

**उत्कृष्ट खेल प्रदर्शन तर्फः-**

१) बेस्ट प्लेयरः- रू.५०००।– ट्रफि र प्रमाणपत्र

४) बेस्ट सेटरः- रू.२०००।– ट्रफि र प्रमाणपत्र

६) बेस्ट स्पाइकरः- रू.२०००।– ट्रफि र प्रमाणपत्र

**नियमहरुः-**

१) टिम दर्ता मिति २०८१।११।१५ देखि २०८१।११।२३ गते दिउँसो १२ बजेस सम्म गरिसक्नु पर्नेछ।

२) खेल अन्तराष्ट्रिय) FIVB( भलिवल खेलको नियमानुसार खेलाईनेछ ।

३) खेलाडी संख्या १२ जना, १ जना टिम प्रशिक्षक र १ जना टिम व्यवस्थापक गरि १४ जना हुनुपर्नेछ ।

४) खेलाडीको नम्बर अंकित गरिएको पोशाक अनिवार्य हुनुपर्नेछ ।

५) खेलमा हाल कायम भएको नयाँ वडाका खेलाडीहरु समावेश हुन पाउनेछन् । सम्बन्धित वडा भन्दा बाहिरका खेलाडीहरु समावेश गर्न पाईनेछैन ।

६) सम्बन्धित वडाका बाहेक बाहिरका खेलाडी समावेश भएमा सो को उजुरी **(Protest)** दिनु परेमा खेल सकिएको ३० मिनेट भित्र **(Protest)** शुल्क रु.५०००। -सहित निवेदन पेश गर्नुपर्नेछ । **(Protest)** सदर भएमा ५० %फिर्ता हुनेछ ।

७) सहभागी खेलाडीहरुले सम्बन्धित वडाबाट अनिवार्य रुपमा फोटो टाँस गरि उपलब्ध गराईएको फारम प्रमाणित गराई बुझाउनु पर्नेछ ।साथै खेलाडीहरुले सम्बन्धित वडाको नागरिकता, जन्मदर्ता र बसाईसराई समेत उपलब्ध गराउनु पर्नेछ ।

८) खेलमा कुनै विवाद आएमा खेलकुद समिति र आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

९) खेल तालिका मिति २०८१/११/२३ गते दिउँसो २:०० बजे गोलाप्रथाको माध्ययमद्धारा सार्वजनिक गरिनेछ ।

**झाँकी प्रदर्शन प्रतियोगिता तर्फः-**

१) प्रथम पुरस्कारः— रू. ३०,०००।-प्रमाणपत्र

२) द्वितिय पुरस्कारः— रू. २०,०००।- प्रमाणपत्र

३) तृतीय पुरस्कारः— रू १०,०००।- प्रमाणपत्र

४) सान्त्वना पुरस्कारः रू ५,०००।– प्रमाणपत्र

**नियमहरुः-**

१ (प्रत्येक झाँकी समुहमा कम्तिमा ३५ जना सदस्यहरू हुनुपर्नेछ । सदस्य संख्या पुरा भई समाबेश भएमा सबै समुहलाई रू .५०००। यातायात बापतको र रू ४००० खाना खाजा खर्च एकमुष्ट रूपमा उपलब्ध गराइने छ ।

२ (प्रत्येक समुहमा ३५ जना मध्येमा कम्तीमा ५ जना ३० वर्ष भन्दा कम उमेरको हुनुपर्नेछ।

**माला प्रतियोगिता तर्फः-**

१) प्रथम पुरस्कारः— रू.६,०००।— प्रमाणपत्र

२) द्वितिय पुरस्कारः— रू ४,०००।— प्रमाणपत्र

३) तृतीय पुरस्कारः— रू.२,०००।— प्रमाणपत्र

**नियमहरुः-**

१) झाँकी प्रदर्शन प्रतियोगितामा भाग लिन आउने समूहहरूबाट एउटा समूहले बढिमा १० वटा माला प्रतियोगितामा समाबेश गर्नुपर्नेछ ।

२) प्रतियोगितामा समाबेश हुने मालामा स्थानीय सामग्रीहरूको प्रयोग गर्नुपर्नेछ जसमा बाह्य बस्तुहरू जस्तै जरि,फूल लगायतका अन्य कुनै पनि बस्तुहरू प्रयोग गर्न पाइने छैन ।

यो ४ दिनसम्म चल्ने कार्यक्रमलाई भव्य र सभ्य रूपमा सफल पार्नका लागि तपसिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरू रहने छन् ।

(क) पाँच दिनसम्म चल्ने कार्यक्रमलाई भब्य र सभ्य रूपमा सम्पन्न गर्नका लागि तपसिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरू रहनेः

**<u>तपसिलः</u>**

**१) मूल समितिः-**

| | |
|---|---|
| लालसुब्बा गुरूङ्ग | संयोजक |
| कार्यपालिका सदस्य सबै | सदस्य |
| अशोक परियार | सदस्य सचिव |

**२) भलिवल खेल सञ्चालन समितिः-**

| | |
|---|---|
| राम बहादुर गोदार | संयोजक |
| रमेश बहादुर बोटे | सदस्य |
| रामबाबु खनाल | सदस्य |
| रामकृष्ण माल | सदस्य |
| शुस्मिता बिक | सदस्य |
| राजेश शाही | सदस्य |
| शुरेस गुरूङ | सदस्य |
| सुन्दर श्रेष्ठ | सदस्य |

रुपा गाउँपालिका कास्की

असोक परियार सदस्य-सचिव

**३) झाँकी परिचालन तथा यातायात व्यबस्थापनः-**

राजन खनाल संयोजक
शान्ता पौडेल सदस्य
श्याम बहादुर माल सदस्य
विजया कुमारी राना सदस्य
मिना कमर सदस्य
सखुर दिन मिया सदस्य
कृष्ण कुमारी घर्ती सदस्य
वृहस्पति अधिकारी सदस्य-सचिव

**४) मञ्च व्यबस्थापनः-**

नारायण गुरूङ संयोजक
हिता रूपाखेती सदस्य
रामकृष्ण बसौला सदस्य
खिमाया परियार सदस्य
राजु पौडेल सदस्य-सचिव

**५) अतिथि सत्कार तथा स्वागतः-**

राजन सुवेदी संयोजक
बुद्धिमाया गुरूङ सदस्य
अनिता राना सदस्य
रामकृष्ण माल सदस्य
शनिशरा विक सदस्य
यमुना ढकाल सदस्य-सचिव

**६) माला प्रतियोगिता व्यबस्थापन एबंम् परिचालनः-**

सरिता सुनार संयोजक
शान्ता पौडेल सदस्य
कुमारी गुरूङ सदस्य
शोभा विक सदस्य
पानमाया परियार सदस्य
साधना पंगेनी सदस्य-सचिव

**७) खाजा व्यबस्थापनः-**

दिपेन्द्र गौतम संयोजक
रामबाबु सुवेदी सदस्य
माया वि क सदस्य
दामोदर भट्टराई सदस्य
राजेन्द्र न्यौपाने सदस्य

रुपा गाउँपालिका कास्की

सुजन तिवारी सदस्य-सचिव

**८) स्वयं सेवक परिचालनः-**

मुकुन्द बहादुर बंशी संयोजक
बुद्धी बहादुर गुरूङ सदस्य
फुल कुमार थापा सदस्य
राजेश शाही सदस्य
रामचन्द्र ओझा सदस्य
विजया कुमारी राना सदस्य
संजय दत्त ढकाल सदस्य-सचिव

**९) ताम्रपत्र व्यवस्थापनः-**

कृष्णराज सुवेदी संयोजक
कृष्ण कुमारी घर्ती सदस्य
मोहन सापकोटा सदस्य
लेखनाथ अधिकारी सदस्य-सचिव

**१०) रैथाने बाली तथा बाखा प्रदर्शन तथा कृषि स्टल व्यवस्थापन :**

हिता कुमारी रूपाखेती संयोजक
कृष्ण कुमारी घर्ती सदस्य
प्रकाश धानुक सदस्य सचिव

**११) निर्णायकहरूलाई पारिश्रमिक**

१. अध्यक्षकप रुपा गाउँपालिका स्तरीय भलिवल प्रतियोगितामा समावेश हुने खेलाडीहरुलाई गाउँपालिकाको तर्फबाट प्रत्येक वडाको १ खेलाडी समुहलाई जर्सी प्रदान गर्ने) १ थान टिसर्ट १ थान हाप पाईन्ट टिम कोच र टिम मेनेजर १/१ थान टिसर्ट गरी १४ सेट ( र खाजा

२. भलिवल निर्णायक रेफ्री प्रतिव्यक्ति २५००।)-खाना र खाजा सहित (करसहित

३. भलिवल प्रतियोगिता संचालनको लागि व्यवस्थापक प्रतिव्यक्ति रु.१५००।)-खाना र खाजा सहित ( करसहित

४. स्वयंमसेवक प्रतिव्यक्ति रु .६५०।– कर बाहेक) खाना र खाजा(

५. कलाकार झाँकी र माला प्रतियोगिता निर्णायकः -बढीमा रु.१५०००।– प्रतिव्यक्ति करकट्टी गरी

६. झाँकी प्रतियोगितामा सहभागी हुने समुहलाई यातायात खर्च रु.९०००। -करसहित

ख) रूपा गाउँपालिका भित्रका कृषकहरूलाई प्रोत्साहन गर्ने हेतुले कृषि पेशामा आवद्ध तपसिलका उत्कृष्ट कृषकहरूलाई प्रोत्साहन स्वरूप रू. ५०००) अक्षरूपी पाँच हजार (सहित सम्मान पत्र, दोसल्लाद्वारा सम्मान गर्ने।

तपसिलः

**रुपा १**

सुनिलको पशु तथा कृषि फर्मका सञ्चालक श्री कल्पना गौतम रुपा १ देउपुरबेसी
सुनिल एण्ड पुजा किराना एण्ड कृषि फर्मका सञ्चालक श्री तेजा देवी रेग्मी रुपा १ स्यास्त्री



रुपा गाउँपालिका कास्की

**रुपा २**

एकिकृत व्यवसायिक कृषि उत्पादक कृषक श्री बद्री प्रसाद ओझा रुपा २ सिर्कुतान

श्री कृष्ण भैंसी फर्मका सञ्चालक श्री श्रीकृष्ण सुवेदी रुपा २ पेलुङ्गा

**रुपा ३**

पोल्याङटार भेडा फर्मका सञ्चालक श्री सरला कुमाल रुपा ३ पोल्याङ

शिशिर कृषि तथा पशुपंक्षी फर्मका सञ्चालक श्री सन्त बहादुर भुजेल रुपा ३ पोल्याङ

**रुपा ४**

अनुप एकिकृत कृषि तथा पशुपंक्षी फर्मका सञ्चालक श्री अनुप शाही रुपा ४ माउँडाडा

गंगा खाल्टे एकिकृत कृषि तथा पशुपंक्षी फर्मका सञ्चालक श्री राजेन्द्र बहादुर सेन ठकुरी

**रुपा ५**

सगुन भैंसी फर्मका सञ्चालक श्री हरिशरण वाग्ले रुपा ५ सयँला

पौवा कृषि फर्मका सञ्चालक श्री नरेश श्रेष्ठ रुपा ५ पौवा

**रुपा ६**

व्यावसायिक मौरीपालक कृषक श्री तुलसी प्रसाद अधिकारी रुपा ६ खोलाछेउ

एकिकृत तालबेसी कृषि फर्मका सञ्चालक श्री लेख बहादुर गुरुङ रुपा ६ तालबेसी

**रुपा ७**

न्यौपाने एकिकृत कृषि फर्मका सञ्चालक श्री रिता न्यौपाने रुपा ७ हंसपुर

बारीखेत बहुउद्देश्यिय अर्गानिक कृषि फर्मका सञ्चालक श्री नवराज पौडेल रुपा ७ हंसपुर

**रुपा मौरी प्रवर्धन क्षेत्रमा योगदान गरे बापत सम्मानीत हुने ब्यक्तिहरू**

१) बेगनास मौरी उद्योगका सञ्चालक तथा मौरी व्यवसायी श्री सुर्य प्रसाद लामिछाने

२) रुपा गाउँपालिका वडा नं ७ का वडा सदस्य एबमं कृषि तथा मौरी व्यवसायी श्री राजेन्द्र न्यौपाने

३) रुपा गाउँपालिकाको कृषि जैविक विविधता तथा रैथाने बाली प्रदर्शनीको लागि प्रशिक्षण तथा जनचेतना फैलाउनमा अमुल्य सहयोग गरे बापत रुपा गाउँपालिका वडा नं ७ तालबेसी निवासी श्री पुष्पराज सुवेदी

४) रूपा गाउँपालिका कास्कीको १०१ बर्षको बयवृद्ध रूपा ५ निवासी श्री सिद्धिमान श्रेष्ठ

ग) रूपा गाउँपालिका कास्कीमा स्थायी घर भइ विभिन्न क्षेत्रहरूमा उल्लेखनीय योगदाय पुऱ्याइ देश तथा विदेशमा रूपा गाउँपालिका तथा राष्ट्रको गौरब बढाउन उल्लेखनीय योगदान पुऱ्याउने तपसिलका व्यक्तिहरूलाई ताम्रपत्र ,दोसल्ला ,खादा ,माला लगायतले सम्मान गर्ने ।

तपसिलः

| क्रस | नाम थर | ठेगाना | उपाधि | विषय/क्षेत्र/ शीर्षक/ कार्यरत संस्था |
|---|---|---|---|---|
| १ | डा दिनेश न्यौपाने | रूपा ७ | मेडिसिन विषयमा विद्यावारिधि | डा. दिनेश न्यौपाने, जो कास्की जिल्लाको रुपा-०७ का स्थायी बासिन्दा हुन्, हाल अमेरिका स्थित प्रख्यात जोन्स हप्किन्स विश्वविद्यालय वैज्ञानिकका रूपमा कार्यरत छन्। साथै, उहाँ डेनमार्कको युनिभर्सिटी अफ साउथर्न डेनमार्क र अष्ट्रेलियाको टोरेन्स युनिभर्सिटीमा भिजिटिंग प्राध्यापक समेत हुन्। उनले त्रिभुवन विश्वविद्यालयको चिकित्सा संस्थानबाट स्नातक, युनिभर्सिटी अफ साउदर्न डेनमार्कबाट स्नातकोत्तर, र आरहुस विश्वविद्यालयबाट पीएचडी गर्नु भएको छ। |

रुपा गाउँपालिका कास्की

| | | | | |
|---|---|---|---|---|
| | | | | कामको शिलशिलामा हाल उहाँ अमेरिकामा भए पनि, उहाँका लगभग सबै कामहरू नेपालमा केन्द्रित छन्। उहाँ नेपाल डेभलपमेन्ट सोसाइटीका संस्थापक अध्यक्ष हुन्, जसमा ५० भन्दा बढी कर्मचारीहरु कार्यरत छन् र नेपालमा विकास र अनुसन्धानमा नविनतम कामहरु गर्दै आइरहेको छ। नेपालको स्वास्थ्य अध्ययन अनुसन्धानमा योगदान पुर्याए बापत नेपाल स्वास्थ्य अनुसन्धान परिषद्‌ले स्वास्थ्य अनुसन्धान उत्कृष्ट पुरस्कारद्वारा सम्मान गरेको थियो भने उच्च रक्तचापमा नेपाल जस्तो देशहरुको लागि सुहाउने नवीनतम अनुसन्धान गरेको भनेर डेनमार्कमा अवस्थित डेनिश उच्च रक्तचाप समाजले पनि सम्मान गरेको थियो। |
| २ | कालिदास न्यौपाने | रूपा ७ | engineering in water resources Msnagement विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएको | रूपा ७ हंसपुर माझगाउँमा जन्म भइ engineering in water resources Management मा जर्मनीबाट स्नातकोत्तर तह उत्तीर्ण हुनुभएको renewable energy संग सम्बन्धित सामाजिक व्यक्तित्व साविक हंसपुर गाविसको Bachelor degree लिने पहिलो इन्जिनियर नेपाल विकास समाजमा आवद्ध नेपाल जर्मन Academic association तथा नेपाल इन्जनियरिङ एसोसियसनमा आवद्ध |
| ३ | कृष्णचन्द्र पौडेल | रूपा १ | गणित विषयमा विद्यावारिधि उपाधी प्राप्त | रुपा १ साविक थुम्की ५ स्यास्त्रीमा जन्मभइ त्रिभुवन युनिभर्सिटिबाट गणित विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको त्रिभुवन विश्वविद्यालय, Trinity/NCIT/TIST लगायतका शैक्षिक क्षेत्रमा आवद्धता राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलमा दर्जन बढी लेख प्रकाशन नेपाल गणित समाज गणित शिक्षा परिषद्मा संलग्नरही गणितीय श्रेत्रमा योगदान |
| ४ | डा अनिल रेग्मी | रूपा ४ | अल इन्डिया इन्चिच्युट अफ मेडिकल साइन्सबाट MS Orthopedics विषयमा स्नातकोत्तर | २०५२ सालमा सिद्ध ६ मा जन्म भइ अल इन्डिया इन्चिच्युट अफ मेडिकल साइन्सबाट एम एस अर्थोपिडिक्स विषयमा स्नातकोत्तर उपाधि प्राप्त गर्नुभएका |
| ५ | सुर्यप्रसाद तिमल्सिना | रूपा ५ | | सशस्त्र प्रहरी बल, नेपालका एक कुशल र जिम्मेवार अधिकृत हुनुहुन्छ। उहाँ वि.सं. २०६० साल श्रावणमा सशस्त्र प्रहरी बल, नेपालमा सशस्त्र प्रहरी निरीक्षक पदमा भर्ना भई राष्ट्रको सेवामा प्रवेश गरी सक्षम र दक्ष सुरक्षाकर्मीको रुपमा स्थापित हुनुहुन्छ। विभिन्न चुनौतीपूर्ण परिस्थितिहरू सामना गर्दै विभिन्न मितिमा बाँके, बारा, रौतहट, पर्सा, भोजपुर जस्ता देशका सशस्त्र प्रहरी बल नेपालको विभिन्न युनिट तथा वेश लगायत ए.पि.एफ.स्कुल कोहलपुरमा समेत कमाण्डरको रुपमा कार्यरत रहि सफलता पूर्वक जिम्मेवारी बहन गर्नु भएको। सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको कानुन शाखामा कानुन विज्ञको रुपमा कार्य गर्नुभएको थियो। उहाँले यु.एन मिसन सुडानको ड्राफरमा खटिनुभएको। हाल मिति २०८१।११।०१ गतेदेखि सशस्त्र प्रहरी बल, नेपाल नं. २४ गण हे.क्वा.कालिका, |

| | | | | |
|---|---|---|---|---|
| | | | | कास्कीमा गणपतिको जिम्मेवारी बहन गरी समस्त कास्की जिल्लाको शान्ति सुरक्षा तथा विपद् उद्धार सम्बन्धी कार्यहरुमा उल्लेखनिय भुमिका निर्वाह गर्दै आउनु भएको छ। उहाँ सम्मानीय राष्ट्रपतीबाट प्रवल जनसेवा श्री चतुर्थ उपाधिबाट समेत विभुषित हुनुभएको छ । |
| ६ | सरिता तिमल्सिना पंगेनी | रुपा ६ | नेपाल पत्रकार महासंघको केन्द्रिय सदस्य | नेपाल पत्रकार महासंघको केन्द्रिय सदस्यमा २०७७ देखि हालसम्म कार्यरत २०४० मा हेम्जा गाविस ४ मा जन्म रूपाकोट ६ मा विवाह भएको । |
| ७ | अमृत गुरुङ | रुपा १ | तेक्वान्दो व्ल्याकवेल्ट थर्ड ड्यान प्राप्त | रुपा १ साविक च्याप्रे स्थायीबासी तेक्वान्दो खेलमा ब्ल्याकबेल्ट थर्ड ड्यान प्राप्त व्यक्ति हुनुहुन्छ ।उहाँ दोस्रो गण्डकी प्रदेश लेवल खुल्ला प्रतियोगिता २०८० मा प्रथम हुन सफल व्यक्तित्व । |
| ८ | नरहरी रेग्मी | रुपा ४ | प्रहरी उपरीक्षक | रूपा ४ साविक सिद्ध ६ मा जन्म २०५८ मा इन्सपेक्टर २०७० मा डियस पि २०७९ मा एस पि ललितपुर परिसर काठमाडौमा कार्यरत एफ पि आइ ग्राजुएट समेट हुनुहुन्छ । |
| ९ | कमला राना मगर | रूपा ५ | सह प्राध्यापक/प्रमुख अस्पताल नर्सिङ प्रशासक | साविक देउराली गाविस २ मा स्थायी बासी Msc nursing / MPA मा उत्तीर्ण हुनुभइ LLB अध्ययनरत नेपाल सरकारको प्रमुख अस्पताल नर्सिङ प्रशासक पदमा रही नर्सिङ डिरेक्टर सम्बन्धी कार्य गर्नुभएको तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सह प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।साथै काठमाडौ विश्वविद्यालयको सहजीकरणमा युनिभर्सिटि अफ वासिङ्टङबाट transnational research on cardiovascular disease मा फेलोसिप गर्नुभएको । २०७५ सालमा नर्सिङ अधिकृत २०७८ सालमा अस्पताल नर्सिङ प्रशासक २०७९ सालमा प्रमुख अस्पताल नर्सिङ प्रशासक पदमा खुला प्रतिस्पर्धाबाट नियुक्ति हुनुभएको हो ।गण्डकी प्रदेश मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयमा कार्य गरेको अनुभव हुनुका साथै विभिन्न research article प्रकाशन गर्नुभएको छ । |
| १० | कृष्ण प्रसाद पंगेनी | रूपा ५ | प्रहरी बरिष्ठ उपरीक्षक | रूपा ५ काफलडाडामा जन्मभइ हाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग काठमाडौंमा कार्यरत अपराध अनुसन्धान क्षेत्रमा अब्बल वारा जिल्लाको सुरक्षाको सफल कमाण्ड सम्हाल्नु भएको LLM/MA अध्ययन गर्नुभएको । |
| ११ | नवराज सुवदी | रुपा ७ | प्रेस स्वतन्त्रता सेनानी | रूपा ६ जन्म आमसंचार र पत्रकारितामा स्तातक तह उत्तीर्ण २०५० मा पत्रकारिता क्षेत्रमा प्रवेश पञ्ज्याङ साप्ताहिक जनआस्था नवआवाज रेडियो नेपाल हुदै हाल फेवा पोष्ठ साप्ताहिक र फेवा पोष्ठ खवर डटकमका सम्पादक प्रेस चौतारी नेपालको पुर्व केन्द्रिय सदस्य पत्रकार महासंघ कास्कीको पुर्व सचिव लगायत गोरखापत्र वोर्डको सदस्य नेपाल पत्रकार महासंघद्वारा प्रदान गरिने प्रेस स्वतन्तन्त्रा सेनानी लगायतका विभिन्न सम्मान प्राप्त |

घ) साविकका ५ गाउँ विकास समिति मिलेर रूपा गाउँपालिका कास्की बनेकोमा उक्त गाविसका तत्कालिन तपसिलका अध्यक्षहरू र गाउँपालिका स्थापना भएपछी २०७४ सालको स्थानीय तह सदस्य निर्वाचनमा निर्वाचित वडा अध्यक्षहरूलाई समेत सम्मानपत्र, दोसल्ला, खादा, माला लगायतले सम्मान गर्ने ।

तपसिलः

| क्रस | नाम थर | ठेगाना | योगदान।उपलब्धी |
|---|---|---|---|
| १ | तिर्थ खनाल | रूपा २ | २०५४ सालको स्थानीय निर्वाचनमा साविक थुम्की गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| २ | श्री बहादुर थापा | रूपा २ | २०४९ सालको स्थानीय निर्वाचनमा साविक थुम्की गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ३ | अर्जुन खड्का | रुपा ४ | २०५४ सालको स्थानीय निर्वाचनमा साविक सिद्ध गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ४ | जय बहादुर माल | रुपा ४ | २०४९ सालको स्थानीय निर्वाचनमा साविक सिद्ध गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ५ | भोज बहादुर गुरुङ | रुपा ५ | २०५४ सालको स्थानीय निर्वाचनमा साविक देउराली गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ६ | हस्तकुमार श्रेष्ठ | रुपा ५ | २०४९ सालको स्थानीय निर्वाचनमा साविक देउराली गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ७ | टिकाराम पंगेनी | रुपा ६ | २०५४ सालको स्थानीय निर्वाचनमा साविक रूपाकोट गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ८ | बिर बहादुर गुरुङ | रुपा ६ | २०४९ सालको स्थानीय निर्वाचनमा साविक रूपाकोट गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ९ | बिजयबाबु बनबासे | रुपा ७ | २०५४ सालको स्थानीय निर्वाचनमा साविक रूपाकोट गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| १० | बिजयबाबु बनबासे | रुपा ७ | २०४९ सालको स्थानीय निर्वाचनमा साविक रूपाकोट गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित |
| ११ | दिपक कुमार आले | रूपा १ | निवर्तमान वडाध्यक्ष १ नं वडा कास्की |
| १२ | रामकृष्ण ओझा | रूपा २ | निवर्तमान वडाध्यक्ष २ नं वडा कास्की |
| १३ | रामजी अधिकारी | रूपा ३ | निवर्तमान वडाध्यक्ष ३ नं वडा कास्की |
| १४ | टेक बहादुर गुरुङ | रूपा ५ | निवर्तमान वडाध्यक्ष ५ नं वडा कास्की |
| १५ | दयासागर सुवेदी | रूपा ७ | निवर्तमान वडाध्यक्ष ७ नं वडा कास्की |

ङ) रूपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कास्कीमा कार्यरत कर्मचारीमध्ये दीर्घ सेवाबाट १ जना कर्मचारी र उत्कृष्ट कर्मचारी १ जना गरी २ जना कर्मचारीलाई सम्मान गर्ने । सो सम्मानका लागि कर्मचारी छनौटका लागि कार्यालय प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

च) रूपा गाउँपालिका कास्कीमा भए ,गरेका सम्पुर्ण गतिविधिहरू सहितका विभिन्न तथ्याङ्कीय विवरण समेटी एक झलकमा रूपा अङ्क ३ छपाइ तथा प्रकाशन गर्ने ।रूपा गाउँपालिका कास्कीको स्थापना दिवस मूल समारोहको पावन अवसरमा विमोचन हुनेगरी थान १५००) पन्ध्र सय (किताब छपाइ गर्न कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

<u>**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०६**</u>

प्रस्ताव नं २०८१/०८२-१०।०६ उपर छलफल गर्दा समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि सङ्घीय सरकारसँग तपसिलका समपुरक र विशेष योजना/कार्यक्रमहरूको प्रस्ताव पेस गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र स | माग गर्ने निकाय | अनुदानको प्रकृति | योजना/कार्यक्रमको नाम ठेगाना | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | समपुरक (क्रमागत) | शिवचण्डी मोटरबाटो (काउनेपोखरी रामदी खण्ड) | रू ९ करोड | |
| २ | | विशेष | आयआर्जनका लागि एकिकृत कृषि तथा पशुपालन (२०० रोपनीमा लसुन खेती, २०० रोपनीमा अदुवा खेती, १०० टनेल निर्माण, दुध, माछा र मासु प्रवर्धन) | रू ३ करोड ४५ लाख | |

साथै आर्थिक वर्ष २०८२/०८३ को लागि उल्लिखित समपुरक योजना सञ्चालनमा खर्च हुने कुल लागत अनुमान मध्ये गाउँपालिकाको तर्फबाट हुन आउने लागत साझेदारी वापत ५० प्रतिशत बजेटको स्रोत सुनिश्चितता आगामी गाउँसभाबाट गर्ने प्रतिवद्धता गरियो ।

**.कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०७**

प्रस्ताव नं २०८१/०८२-१०।०७ उपर छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को लागी रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीलाई सेवा गर्नेगरी मिति २०८१ श्रावण ७ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार करार अवधिको म्याद २०८१ पुष मसान्तसम्म रहेका सेवा करारमा कार्यरत कर्मचारीहरूको पन्ध्रौ गाउँसभा अधिवेशन बैठकबाट स्वीकृत सेवा सुविधा नवढ्नेगरी उक्त कर्मचारीहरूको करार अवधि २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०८**

प्रस्ताव नं २०८१/०८२-१०।०८ उपर छलफल गर्दा मिति २०८१ फाल्गुण २७ गते सञ्चालन हुने स्थापना दिवस भव्य र सव्य रूपमा सम्पन्न गर्न समिति तथा उपसमिति गठन गरी परिचालन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१०।०९**

प्रस्ताव नं २०८१/०८२-१०।०९ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/०८२ का लागि रूपा खेलमैदान रूपा गाउँपालिका (शीर्षक नं ३११५९) शीर्षकमा रकम रू ५ लाख विनियोजन भएकोमा खेल मैदान निर्माणको स्थान एकिन नभएकाले उक्त खेल मैदान निर्माणको स्थान रूपा गाउँपालिका वडा नं ६, भिरचोक कायम गर्नेगरी प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

ख) प्रस्तावमा पेस भएको **विद्यालय अनुगमनमा मेन्टरको प्रयोग सम्बन्धी कार्यविधि, २०८१** संशोधन सहित स्वीकृत गरियो ।

ग) रूपा गाउँपालिका कास्की अन्तर्गत सञ्चालित रूपाकोट अस्पतालमा खानेपानी आपुर्ति हुदै आएको रुपा ६ मा रहेको बोरिङको खानेपानीमा ट्रान्सफर्मर बिग्रिएर खानेपानी आपुर्तिमा समस्या आएकाले मेसिनरी औजार

रुपा गाउँपालिका कास्की

मर्मत खर्च शीर्षकबाट खर्च लेख्नेगरी उक्त ट्रान्सफर्मर मर्मतको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

घ) ठेक्का नं 5 / Rupa / NCB / WORKS / 2078/ 2079, Construction of Ward no 2 Administrative Building at Rupa Rural Municipality को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Kasyap Nirwan Sewa and Suppliers Pvt. Ltd विच मिति २०७८।१०।२४ गते भएको सम्झौताअनुसार निर्माण कार्य सूचारु भइ मिति २०८१ माघ मसान्तसम्म म्याद भएको र आर्थिक मन्दी लगायतका कारण देखाइ तोकिएको समयमा कार्यसम्पन्न गर्न नसिकिने भनि म्याद थपको निवेदन पेस गरेकोमा हाल उक्त भवन निर्माण कार्य नियमित रूपमा भैरहेको र भवन सम्पन्नको चरणमा रहेकाले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८१ चैत्र मसान्तसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

मिति २०८१ फागुन ६ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखित निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(चिरन्जीवी बराल)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका